**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालय**

## वन अनुसन्धान तथा सर्वेक्षण विभाग

# छपाई सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति २०७४।०१।२१*

यस विभागलाई आवश्यक तपशिल बमोजिम छपाई सम्बन्धी कार्य सम्पादन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धी कार्यका लागि इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुबाट उल्लेखित कागजात संलग्न राखी रु. १० को टिकट साथ रीतपुर्वक निवेदन पेश गरी देहाय बमोजिमको फाराम खरिद गर्न सकिनेछ । सो सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभागमा सम्पर्क राख्नु हुन साथै यस विभागको Website www.dfrs.gov.np मा हेर्नहुन समेत सूचित गरिन्छ ।

**तपशिल**

| सि.नं. | खरिद सम्बन्धी विवरण | खरिद विधि | फाराम दस्तुर | बोलपत्र जमानत रकम | फाराम खरिद गर्न सकिने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ००१ | छपाई सम्बन्धी | सिलवन्दी दरभाउपत्र | रु. १०००/- | ३०,०००/- | २०७४।०२।०४ अपरान्ह ४:०० बजे भित्र | २०७४।०२।०५ मध्यान्ह १२:०० बजे | २०७४।०२।०५ अपरान्ह २:०० बजे | |

**फाराम खरिद गर्न निवेदनसाथ आवश्यक कागजातहरु (नोटरी पब्लिकबाट प्रमाणित)**

- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आर्थिक वर्ष २०७२/०७३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

**शर्तहरु:**

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनसम्ममा कार्यालय समयभित्र यस विभागको कार्यालय बबरमहलबाट रु. १०००।- (एक हजार मात्र) नगदै (पछि फिर्ता नहुने) गरी बुझाई खरिद गर्न सकिन्छ ।

२. दरभाउपत्र फाराम खरिद गर्न फर्मको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) लिएको र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको दर्ता प्रमाणपत्र आ.व. २०७२।०७३ को कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपीहरु संलग्न गरी रु. १०।- को टिकट टाँसी निवेदन पेश गर्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिउँसो १२.०० बजेसम्ममा यस विभागमा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु सोही दिन अपरान्ह १४:०० बजे सम्बन्धित दरभाउपत्रदाताको प्रतिनिधिको रोहवरमा (उपस्थित नभएपनि)
खोलिनेछ ।

४. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समयअनुसार नै हुनेछ ।

५. सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने निम्न लिखित कागजातहरु नोटरी पब्लिकद्वारा प्रमाणित गराई सिलवन्दी दरभाउपत्र साथ ( सिलवन्दी खाम भित्रै) पेश गर्नुपर्नेछ ।

क) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र (नवीकरण सहित)

ख) मू.अ.कर र स्थायी लेखा दर्ता नम्वर (प्यान) को प्रमाण पत्र,

ग) आ.व.०७१/७२ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र,

घ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) संग सम्वन्धित घोषणा पत्र,

५. शिलवन्दी दरभाउपत्र साथ सिलवन्दी दरभाउपत्र जमानत वापत नगदै कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको नाममा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. २७३२९-१७मा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको नेपालस्थित कुनै वाणिज्य बैंकहरुबाट यस विभागको नाममा जारी भएको कम्तीमा ७५ दिनको बैंक ग्यारेन्टी समावेश हुनुपर्नेछ ।

६. दरभाउपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभागमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

७. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहेको छ ।

८. यस सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र अन्य सम्बन्धित कानून बमोजिम हुनेछ ।